## सर्वसाधारणको राय माग गरिएको सम्बन्धी सूचना!

## सूचना प्रकाशित मितिः २०८३।०४।०१

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा तयार गरेको छ । विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लेखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुका कारण र संशोधनले पार्ने प्रभाव सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा संशोधन मस्यौदा उपर यसैसाथ संलग्न ढाँचामा सातदिनभित्र law.mowcsc1@gmail.com मा आफ्नो राय प्रतिक्रिया उपलब्ध गराइदिनु हुन सम्पूर्ण सरोकारवाला तथा सर्वसाधारण समक्ष अनुरोध गरिएको छ ।

०८३।४।१ ४।१

नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

<u>तर्जुमा गर्नुका कारण र त्यसले पार्ने प्रभाव</u>

१. **कुन समस्या सम्बोधनका लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको कारणः** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ बमोजिम यस मन्त्रालयको नाम (साविक महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय) परिवर्तन भइ महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय भएको हो । सोही अनुसार यस मन्त्रालयसँग सम्बन्धित ऐनहरुमा यस मन्त्रालयको नाम र नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ बमोजिम अन्य मन्त्रालयको नाम समेत समयसापेक्ष परिमार्जन गर्न आवश्यक देखिएको।

२. **विधेयकको व्यवस्थाबाट मौलिक हक तथा बालबालिकाको अधिकारको क्षेत्रमा पर्ने प्रभावः** नभएको।

३. **विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः** नभएको।

४. **विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः** नभएको।

५. **विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः** नभएको।

६. **विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोगः** नभएको।

७. **अन्य आवश्यक विषयः** नभएको।

नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

**<u>महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक</u>**

प्रस्तावनाः प्रचलित नेपाल ऐनमा समसामयिक सुधार गर्न केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८३ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>समाज कल्याण ऐन, २०४९ मा संशोधन</u> : समाज कल्याण ऐन, २०४९ को,-

(१) दफा ५ को उपदफा (२) को,-

(क) खण्ड (ञ) मा रहेको "प्रतिनिधि," भन्ने शब्दपछि "भूमि व्यवस्था, सहकारी," भन्ने शब्दहरु थप गरिएका छन्।

(ख) खण्ड (ठ) मा रहेको "जनसङ्ख्या" भन्ने शब्दको सट्टा "खाद्य स्वच्छता" भन्ने शब्दहरु राखिएका छन्।

(ग) खण्ड (ड) मा रहेको ", विज्ञान तथा प्रविधि" भन्ने शब्दहरुको सट्टा "तथा खेलकुद" भन्ने शब्दहरु राखिएका छन्।

(२) रुपान्तरणः समाज कल्याण ऐन, २०४९ को ठाउँ ठाउँमा रहेको "महिला, बालबालिका तथा ज्येष्ठ नागरिक" भन्ने शब्दहरुको सट्टा "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखी रुपान्तरण गरिएको छ ।

३. <u>ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ मा संशोधन</u> : ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को,-

(१) दफा १३ को उपदफा (१) को,-

(क) खण्ड (च) मा रहेको "जनसङ्ख्या" भन्ने शब्दको सट्टा "खाद्य स्वच्छता" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (छ) मा रहेको "सचिव," भन्ने शब्दपछि "भूमि व्यवस्था, सहकारी," भन्ने शब्दहरु थप गरिएका छन्।

(२) रुपान्तरणः ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को ठाउँ ठाउँमा रहेको "महिला, बालबालिका तथा ज्येष्ठ नागरिक" भन्ने शब्दहरुको सट्टा "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखी रुपान्तरण गरिएको छ ।

४. **<u>अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ मा संशोधन</u>** : अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को,-

(१) दफा ३८ को उपदफा (२) को,-

(क) खण्ड (ज) मा रहेको "सचिव," भन्ने शब्दपछि "भूमि व्यवस्था, सहकारी," भन्ने शब्दहरु थप गरिएका छन्।

(ख) खण्ड (झ) मा रहेको "जनसङ्ख्या" भन्ने शब्दको सट्टा "खाद्य स्वच्छता" भन्ने शब्दहरु राखिएका छन्।

(ग) खण्ड (ञ) मा रहेको "श्रम, रोजगार तथा सामाजिक सुरक्षा" भन्ने शब्दहरुको सट्टा "युवा, श्रम तथा रोजगार" भन्ने शब्दहरु राखिएका छन्।

(घ) खण्ड (ट) मा रहेको ", विज्ञान तथा प्रविधि" भन्ने शब्दहरुको सट्टा "तथा खेलकुद" भन्ने शब्दहरु राखिएका छन्।

(ङ) खण्ड (ठ) मा रहेको "भौतिक पूर्वाधार तथा यातायात व्यवस्था" भन्ने शब्दहरुको सट्टा "पूर्वाधार विकास" भन्ने शब्दहरु राखिएका छन्।

(२) रुपान्तरणः अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को ठाउँ ठाउँमा रहेको "महिला, बालबालिका तथा ज्येष्ठ नागरिक" भन्ने शब्दहरुको सट्टा "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखी रुपान्तरण गरिएको छ ।

५. **<u>बालबालिका सम्बन्धी ऐन, २०७५ मा संशोधन</u>** : बालबालिका सम्बन्धी ऐन, २०७५ को ठाउँ ठाउँमा रहेको "महिला, बालबालिका तथा ज्येष्ठ नागरिक" भन्ने शब्दहरुको सट्टा "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखी रुपान्तरण गरिएको छ ।

६. **<u>सामाजिक सुरक्षा ऐन, २०७५ मा संशोधन</u>** : सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३० मा रहेको "गृह" भन्ने शब्दको सट्टा "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखिएका छन्।

७. **<u>योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ मा संशोधन</u>** : योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को,-

(१) दफा २९ को उपदफा (१) को खण्ड (च) मा रहेको "तथा गरिबी निवारण" भन्ने शब्दहरुको सट्टा ", सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(२) रुपान्तरणः योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को ठाउँ ठाउँमा रहेको "श्रम, रोजगार तथा सामाजिक सुरक्षा" भन्ने शब्दहरुको सट्टा "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखी रुपान्तरण गरिएको छ।

८. **<u>आदिवासी जनजाति आयोग ऐन, २०७४ मा संशोधन</u>** : आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा २३ मा रहेको "सङ्घीय मामिला तथा सामान्य प्रशासन" भन्ने शब्दहरुको सट्टा "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखिएका छन्।

९. **<u>आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा संशोधन</u>** : आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को ठाउँ ठाउँमा रहेको "स्थानीय विकास" भन्ने शब्दहरुको सट्टा "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखी रुपान्तरण गरिएको छ।

१०. **<u>राष्ट्रिय महिला आयोग ऐन, २०७४ मा संशोधन</u>** : राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा २७ मा रहेको "महिला, बालबालिका तथा समाज कल्याण" भन्ने शब्दहरुको सट्टा "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखिएका छन्।

११. **<u>राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ मा संशोधन</u>** : राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा १९ मा रहेको "सङ्घीय मामिला तथा सामान्य प्रशासन" भन्ने शब्दहरुको सट्टा "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखिएका छन्।

१२. **राष्ट्रिय दलित आयोग ऐन, २०७४ मा संशोधन** : राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा २७ मा रहेको "सङ्घीय मामिला तथा सामान्य प्रशासन" भन्ने शब्दहरुको सट्टा "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखिएका छन्।

१३. **मधेशी आयोग ऐन, २०७४ मा संशोधन** : मधेशी आयोग ऐन, २०७४ को दफा २३ मा रहेको "सङ्घीय मामिला तथा सामान्य प्रशासन" भन्ने शब्दहरुको सट्टा "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखिएका छन्।

१४. **थारु आयोग ऐन, २०७४ मा संशोधन** : थारु आयोग ऐन, २०७४ को दफा २३ मा रहेको "सङ्घीय मामिला तथा सामान्य प्रशासन" भन्ने शब्दहरुको सट्टा "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखिएका छन्।

१५. **मुस्लिम आयोग ऐन, २०७४ मा संशोधन** : मुस्लिम आयोग ऐन, २०७४ को दफा २३ मा रहेको "सङ्घीय मामिला तथा सामान्य प्रशासन" भन्ने शब्दहरुको सट्टा "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखिएका छन्।

नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

## विधेयकमा सर्वसाधारणले राय सुझाव दिने सम्बन्धी ढाँचाः

१. सुझाव दिने व्यक्तिको नाम,थरः

२. सम्पर्क नम्बर/ईमेलः

३. विधेयकको नामः

४. सुझावः

(क) सम्बन्धित दफा/उपदफाः

(ख) सुझाव र सोको कारणः